नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धनकुटा

☎ ०२६-५२०१३१
०२६-५२०१३२
फ्याक्स नं.०२६-५२०६९६
Email:-daodhankuta@gmail.com
web:-daodhankuta.moha.gov.np

पत्र संख्या :- २०७७/०७८
च.नं. २४०

मितिः- २०७७/०५/०४

# जिल्ला प्रशासन कार्यालय, धनकुटाबाट जारी गरिएको सूचना !

धनकुटा जिल्लामा हालै स्वास्थ्य कर्मीमा कोभिड-१९ संक्रमण देखिएको र निजको धेरै जना संग सम्पर्क भएको हुँदा थप संक्रमण समुदायमा फैलन नदिन नेपाल सरकार, मन्त्री परिषद्को मिति २०७७/०४/२६ तथा २०७७/०५/०१ को निर्णय समेतको आधारमा DCCMC को मिति २०७७/०५/०४ को निर्णयानुसार संक्रामक रोग ऐन, २०२० र स्थानीय प्रशासन ऐन, २०२८ अनुसार धनकुटा जिल्लाभर मिति २०७७ भाद्र ०४ गते विहिवार रातीको १२:०० बजेदेखि २०७७ भाद्र ११ गते विहिवार राती १२:०० सम्म अत्यावश्यक कामकाज बाहेक आवत जावतमा निषेध गरिएको छ । देहाय बमोजिमको निर्णयहरुको पुर्ण रुपमा परिपालना गरी कोभिड-१९ रोग संक्रमण, रोकथाम, नियन्त्रणमा र व्यवस्थापनमा पूर्ण सहयोग गरिदिनु हुन सम्पूर्ण धनकुटा जिल्लावासीहरुमा हार्दिक अनुरोध छ ।

१.

क) अत्यावश्यक सेवा लिने दिने प्रयोजन बाहेक घुमफिर नगर्न, सवारी साधन नचलाउन र तोकिएको समयावधिभर सावधानी तथा उच्च सतर्कता अपनाई घर परिसरबाट बाहिर ननिस्की सहयोग गरिदिन हुन ।

ख) माथि उल्लेखित अवधि भर निषेधित क्षेत्र भित्र सरकारी तथा सार्वजनिक संस्था, बैंक तथा वित्तीय संस्थाका कर्मचारी तथा अत्यावश्यक सेवाका कर्मचारीहरुले आफनो कार्यालयको काममा परिचय-पत्र लगाई कार्यालय आवतजावत गर्न पाउने छन् ।

ग) सवारी साधनको हकमा :

- राजमार्गमा ढुवानीका सवारी साधनहरु यथावत रुपमा चलाउन पाउने छ ।
- अत्यावश्यक सेवा अन्तर्गत दमकल, एम्बुलेन्स लगायत विद्युत, टेलिकम, हुलाक, खानेपानी, अस्पतालका सवारी साधनहरु रोक लगाईने छैन ।
- स्वास्थ्य, इन्धन, दैनिक उपभोग्य खाद्यपदार्थ, कृषिजन्य र पशुजन्य वस्तुको ढुवानीको लागि रोक लगाइने छैन तर यात्रुबाहक सवारी साधनहरु पूर्णरुपमा रोक लगाईएको छ ।

घ) औषधी पसल र दैनिक उपभोग्य वस्तु(खाद्यान्न, फलफुल, तरकारी, दलहन, तेलहन, माछामासु लगायतका पसल) विक्रिवितरण गर्ने पसलहरु बाहेक अन्य सबै व्यावसायीक पसल वन्द रहने ।

ङ) औषधी पसल बाहेक दैनिक उपभोग्य सामग्रीहरु(खाद्यान्न, फलफुल, तरकारी, दलहन, तेलहन, माछामासु लगायतका पसलहरु) विहान ७:०० बजे देखि १०:०० बजे सम्म र बेलुका ५:०० बजे

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धनकुटा

☎ ०२६-५२०१३१
०२६-५२०१३२
फ्याक्स नं.०२६-५२०६९६
Email:-daodhankuta@gmail.com
web:-daodhankuta.moha.gov.np

देखि ७:०० बजेसम्म मात्र स्वास्थ्य प्रोटोकल अनुसार माक्स, सेनिटाइजर, सामाजिक दूरी अनिवार्य रुपमा कायम गरि विक्रिवितरण गर्ने ।

च) शैलुन, ब्युटी पार्लर, जिमखाना, व्यायमशाला, ब्याडमिन्टन हल, फिल्म हल, मठ मन्दिर, चर्च, मस्जिद, मदरसा पूर्णरुपमा बन्द रहनेछ ।

छ) उद्योग प्रतिष्ठानको हकमा उद्योग प्रतिष्ठानहरुले स्वास्थ्य प्रोटोकल पालना गरी उद्योग संचालन गर्न पाउने छन् र त्यस्ता उद्योगमा प्रयोग हुने कच्चा पदार्थ ल्याउन र उद्योगबाट उत्पादित सामान बजारमा ल्याउन कुनै बाधा पर्ने छैन ।

ज)होटल तथा रेष्टुरेण्टबाट तयार गरिएका खाद्य परिकार लैजाने सेवा (टेकअवे) मात्र ।

झ) निम्न सेवाहरु २०७७/०५/१६ सम्म सञ्चालन नगर्ने :-

- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले तोकेको मापदण्डबमोजिम हुनेगरी छोटो, मध्यम र लामो दूरीमा जिल्लाभित्र तथा अन्तर जिल्ला सञ्चालन हुने निजी तथा सार्वजनिक यात्रुवाहक सवारी साधनहरु,
- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले तोकेको मापदण्डबमोजिम हुनेगरी सो मन्त्रालयले तोकेका आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यावसायीक तथा अन्य उडानहरु,
- अन्तर्राष्ट्रिय खेलकुदका प्रशिक्षण तथा प्रारम्भिक चरणका खेल,
- विद्यार्थी भर्ना, शैक्षिक र अन्य परीक्षा सञ्चालन,

ञ)मानिसहरुको जमघट, भेटघाट एवं नजिकिने कार्यबाट कोभिड - १९ को संक्रमण बढ्दै गईरहेको हुँदा अत्यावश्क बाहेकका कुनैपनि प्रकारका बैठक, समिक्षा, गोष्ठि, सेमिनार, छलफल, भेला जस्ता सामुहिक जमघट हुने कार्यहरु नगर्ने र नगराउने ।

ट) कोभिड - १९ को संक्रमणको जोखिम बढ्दै गएको देखिएको हुँदा जनस्वास्थ्यको सुरक्षालाई सर्वोच्च प्राथमिकतामा राख्नुपर्ने आवश्यकता भएकोले धार्मिक स्थलहरुमा दैनिक नित्य पुजा बाहेक अन्य कुनैपनि गतिविधि सञ्चालन नगर्ने/नगराउने । चाडपर्वहरु आ - आफ्नै घरभित्र रही जनस्वास्थ्यका मापदण्डहरु पालना गरेर आ - आफ्नो परिवारका सदस्यहरुले मात्र मनाउने ।

ठ)दैनिक उपभोग्य बस्तु लगायत पुर्वाधार निर्माणमा आवश्यक सामाग्रीहरु आपुर्ती गर्दा सो कार्यमा संलग्न चालक, सह चालक तथा अन्य व्यक्तिहरुले स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड पालनामा कमी भएको देखिएकोले सम्बन्धित व्यवसायी, उद्योगी एवं सामाजिक संघ सस्था, सामुदायीक संस्था र सहकारीहरुले अनिवार्य रुपमा सामाजिक दूरी कायम गर्नुका साथै माक्स, सेनिटाइजर जस्ता न्यूनतम स्वास्थ्य मापदण्ड पालना गर्ने । तोकिएका प्रवेश विन्दु र सुरक्षा जाँच गर्ने स्थानहरुमा मापदण्ड पालना भए नभएको जाँच गरि पालना नभएमा तत्काल कारबाही गरिनेछ ।

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धनकुटा

☎ ०२६-५२०१३१
०२६-५२०१३२
फ्याक्स नं.०२६-५२०६९६
Email:-daodhankuta@gmail.com
web:-daodhankuta.moha.gov.np

ड)शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र), सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार, सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन, सिनेमा हल, पार्टी प्यालेस, डान्सबार लगायतका मनोरञ्जन स्थल, शैलुन, ब्यूटी पार्लर तथा स्पा, स्वीमिङ पुल, जिमखाना लगायत हेल्थक्लव, समूहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुती, सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल, पुस्ताकलय, संग्राहलय र चिडियाखाना हाललाई सञ्चालन निषेध गरिएको ।

ढ)फुटपाथ/खुल्ला ठाउँ र ठेलागाडा/साइकलमा सञ्चालन भई रहेका तरकारी फलफुल खाद्यान्न लताकपडा लगायतका खुद्रा व्यापार व्यवसाय एवं कवाडी संकलन जस्ता कार्य जथाभावी रुपमा सञ्चालन हुँदा भिडभाड बढ्ने र कोभिड - १९ को संक्रमण समुदाय स्तरसम्म विस्तार हुने जोखिम बढेकोले यस्ता कार्यलाई निषेध गरीएकोछ ।

ण)उद्योग, कलकारखाना लगायतका व्यवसाय सञ्चालन गर्ने व्यवसायीहरुले हाल उद्योग व्यवसाय सञ्चालन गर्न तथा निजी तथा सार्वजनिक निर्माणको काममा लगाइएका श्रमिक लगायतका जनशक्तिलाई अनिवार्य रुपमा जनस्वास्थ्य तथा सुरक्षाको मापदण्ड अवलम्बन गर्न लगाई उद्योग/कलकारखाना/सार्वजनिक तथा निजी निर्माणको परिसर भित्रै सुरक्षित रुपमा खाने बस्ने व्यवस्था गर्ने । हाललाई अन्यत्र स्थानबाट कामदारहरु नल्याउने । कोभिड - १९ को संक्रमणको कारण भविष्यमा आउने जोखिम व्यवस्थापन गर्न सम्बन्धित उद्योग व्यवसायीले आफ्नो क्षेत्रभित्र आवश्यक क्वारेन्टाइन तथा आइसोलेसन लगायतका पूर्वाधारको प्रबन्ध समेत गर्ने ।

त)सबै प्रकारका सेवा तथा कार्यहरु सञ्चालन गर्दा दुई मिटरको सामाजिक दूरी कायम गर्ने, मास्क प्रयोग गर्ने, पटकपटक साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने लगायतका जनस्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गरी सेवा र कार्यहरु सञ्चालन गर्ने ।

थ)व्यवसायीहरुले औषधी र औषधीजन्य सामाग्रीहरुको नियमित आपूर्तीको व्यवस्था गर्ने । अभाव देखाई मूल्य वृद्धि गर्ने वा कालोबजारी, जम्माखोरी गर्ने वा लुकाउने वा आपूर्तीमा अवरोध गर्ने व्यक्तिलाई प्रचलित कानूनबमोजिम नियन्त्रणमा लिने, सामाग्री जफत गरी रोगको रोकथाम र उपचारको कार्यमा उपयोग गरिनेछ ।

२.जारी गरिएको यो आदेशको उल्लंघन वा अपहेलना गर्ने वा काममा बाधा पुर्याउने जो कोही व्यक्तिहरुलाई कसुर बमोजिम संक्रामक रोग ऐन, २०२० को दफा (३) को उपदफा (१) बमोजिम एक महिना कैद वा १००।- रुपैया जरिवाना वा दुवै सजाय हुने र उपदफा (२) बमोजिम ६ महिनासम्म कैद वा ६ सय रुपैया सम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था समेत जानकारी गरिन्छ ।

सहायक प्रमुख जिल्ला अधिकारी